नेपाल सरकार
# कृषि, वन तथा वातावरण मन्त्रालय
पो.ब.नं. : ३९८७
सिंहदरबार, काठमाडौं

पत्र संख्या :
चलानी नं. :

(कानुन तथा फैसला कार्यान्वयन शाखा)

मिति: २०८३/०५/२९

विषय: राय सुझाव उपलब्ध गराउने सम्बन्धमा।

श्री सरोकारवाला सबै ।

कृषि, वन तथा पर्यावरण मन्त्रालयले कार्बन व्यापार (पहिलो संशोधन) नियमावली, २०८३ को तर्जुमा गरी सो मस्यौदाउपर परामर्श माग गर्न सरोकारवाला तथा सर्वसाधारणको रायका लागि यस मन्त्रालयको वेबसाइटमा सूचना प्रकाशन गर्ने निर्णय बमोजिम उक्त मस्यौदा यसैसाथ संलग्न गरिएको छ। प्रस्तुत मस्यौदा अध्ययन गरी ७ (सात) दिनभित्र यस मन्त्रालयको इमेल ठेगाना info@mofe.gov.np मा राय सुझाव उपलब्ध गराइ दिनुहुन हुन अनुरोध छ।

(कृष्णप्रसाद नेपाल)
उपसचिव (कानुन)
२०८३/०५/२९

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं

कार्बन व्यापार (पहिलो संशोधन) नियमावली, २०८३ (मस्यौदा)

वातावरण संरक्षण ऐन, २०७६ को दफा ४४ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरू बनाएको छ।

१. <u>संक्षिप्त नाम र प्रारम्भः</u> (१) यी नियमहरूको नाम "कार्बन व्यापार (पहिलो संशोधन) नियमावली, २०८३" रहेको छ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ।

२. <u>कार्बन व्यापार नियमावली, २०८२ को नियम २ मा संशोधनः</u> कार्बन व्यापार नियमावली, २०८२ (यसपछि मूल नियमावली भनिएको) को नियम २ को,-

(१) खण्ड (झ) पछि देहायको खण्ड (झ१) थपिएको छः-

"(झ१) "कार्यालय" भन्नाले यस नियमावली बमोजिमको कार्बन व्यापार सम्बन्धी सेवा प्रवाह गर्ने मन्त्रालय मातहतको कार्बन व्यवस्थापन तथा रेड फरेष्ट्री केन्द्र सम्झनुपर्छ।"

(२) खण्ड (ड) को उपखण्ड (२) को सट्टा देहायको उपखण्ड (२) राखिएको छः-

"(२) नेपालमा दर्ता भएका कम्पनीहरूको संयुक्त उपक्रम (ज्वाइन्ट भेन्चर), वा"

३. <u>मूल नियमावलीको नियम ५ मा संशोधनः</u> मूल नियमावलीको नियम ५ को,-

(१) उपनियम (२) मा रहेका "सिफारिसको लागि वन सम्बन्धी आयोजनाको हकमा मन्त्रालय मातहतको रेड कार्यान्वयन केन्द्रमा र सो बाहेकका अन्य आयोजनाको हकमा आयोजनासँग सम्बन्धित क्षेत्रगत मन्त्रालयमा" भन्ने शब्दहरूको सट्टा "कार्यालयमा" भन्ने शब्द राखिएको छ।

(२) उपनियम (२) को खण्ड (ख) को सट्टा देहायको खण्ड (ख) राखिएको छः-

"(ख) प्रस्तावक विदेशी लगानी भएको कम्पनी भएमा त्यस्तो कम्पनीले कार्बन व्यापारमा भाग लिन विदेशी लगानीको लागि पाएको अनुमतिपत्र र नेपालमा स्थापना वा दर्ता भएको कम्पनी दर्ताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि,"

(३) उपनियम (३) को खण्ड (ख) पछि देहायको खण्ड (ख१) र (ख२) थपिएका छन्ः-

"(ख१) नेपालमा दर्ता भएका कम्पनीहरूको संयुक्त उपक्रम भएमा त्यस्तो कम्पनीको संयुक्त उपक्रम,

(ख२) आयोजना सञ्चालन गर्ने कम्पनी, प्रवर्द्धक वा सञ्चालक वा लगानीकर्ता कर्जा सूचना केन्द्रको कालोसूचीमा नरहेको प्रमाणपत्र,"

(४) उपनियम (३) झिकिएको छ।



सचिव

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं

४. <u>मूल नियमावलीको नियम ६ मा संशोधन</u>: मूल नियमावलीको नियम ६ को,-

(१) उपनियम (१) झिकिएको छ।

(२) उपनियम (२) को सट्टा देहायको उपनियम (२) राखिएको छः-

"(२) नियम ५ बमोजिम प्राप्त आयोजना अवधारणापत्रको कार्यालयले सो अवधारणापत्र मूल्याङ्कनका लागि मूल्याङ्कन समितिमा पठाउनु पर्नेछ।"

(३) उपनियम (६) र उपनियम (७) मा रहेका "मन्त्रालय" भन्ने शब्दको सट्टा "कार्यालय" भन्ने शब्द राखिएको छ।

(४) उपनियम (८) मा रहेका "मन्त्रालयले निर्धारण गरे बमोजिम" भन्ने शब्दहरूको सट्टा "अनुसूची-२क बमोजिम" भन्ने शब्दहरू राखिएका छन्।

५. <u>मूल नियमावलीको नियम ७ मा संशोधन</u>: मूल नियमावलीको नियम ७ को,-

(१) उपनियम (१) मा रहेका "सिफारिसको लागि वन सम्बन्धी आयोजनाको हकमा मन्त्रालय मातहतको रेड कार्यान्वयन केन्द्रमा र सो बाहेकका अन्य आयोजनाको हकमा आयोजनासँग सम्बन्धित क्षेत्रगत मन्त्रालयमा" भन्ने शब्दहरूको सट्टा "कार्यालयमा" भन्ने शब्द राखी सोही उपनियमको खण्ड (क) पछि देहायको खण्ड (क१) थपिएको छः-

"(क१) आयोजना अवधारणापत्र सहमति प्राप्त गर्दाको समयभन्दा थप स्थानीय तहमा आयोजना विस्तार गर्न चाहेमा सम्बन्धित स्थानीय तहको सिफारिस पत्र।"

(२) उपनियम (२) मा रहेका "मन्त्रालयले" भन्ने शब्दको सट्टा "कार्यालयले" भन्ने शब्द राखिएको छ।

(४) उपनियम (४) मा रहेका "उपनियम (५)" भन्ने शब्दहरूको सट्टा "उपनियम (३)" भन्ने शब्दहरू र सोही उपनियममा रहेका "सचिवालय" भन्ने शब्दको सट्टा "कार्यालय" भन्ने शब्द राखिएको छ।

(५) उपनियम (५) को सट्टा देहायको उपनियम (५) राखिएको छः-

"(५) उपनियम (१) को खण्ड (क१) बमोजिम स्थानीय तह थप गर्दा प्रविधि र मेथोडोलोजीमा परिवर्तन हुने गरी आयोजना दस्तावेज पेस गर्न पाइने छैन।"

(६) उपनियम (६) झिकिएको छ।

६. <u>मूल नियमावलीको नियम ८ मा संशोधन</u>: मूल नियमावलीको नियम ८ को,-

(१) उपनियम (१) मा रहेका "को उपनियम (६)" भन्ने शब्दहरू झिकी सोही उपनियममा रहेको "मन्त्रालयले" भन्ने शब्दको सट्टा "कार्यालयले" भन्ने शब्द राखिएको छ।

(२) उपनियम (६) मा रहेका "मन्त्रालयसमक्ष" भन्ने शब्दको सट्टा "कार्यालयसमक्ष" भन्ने शब्द राखिएको छ।



सचिव

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं

(३) उपनियम (७) मा रहेका "सचिवालय मार्फत" भन्ने शब्दहरूको सट्टा "कार्यालयले" भन्ने शब्द राखिएको छ।

(४) उपनियम (८) मा रहेका "मन्त्रालयले" भन्ने शब्दको सट्टा "कार्यालयले" भन्ने शब्द राखिएको छ।

७. **मूल नियमावलीको नियम ९ मा संशोधनः** मूल नियमावलीको नियम ९ को,-

(१) उपनियम (१) मा रहेका "सचिवालयले" भन्ने शब्दको सट्टा "कार्यालयले" भन्ने शब्द राखी सोही उपनियममा रहेको "को उपनियम (८)" भन्ने शब्दहरू र सोही उपनियमको खण्ड (क), (ख) र (ग) को ठाउँ ठाउँमा रहेका "टन" भन्ने शब्द झिकिएको छ।

(२) उपनियम (२) मा रहेका "मन्त्रालयबाट निर्धारित ढाँचामा" भन्ने शब्दहरूको सट्टा "अनुसूची-४ बमोजिमको ढाँचामा" भन्ने शब्दहरू राखिएका छन्।

(३) उपनियम (३) मा रहेका "मन्त्रालयलाई" भन्ने शब्दको सट्टा "कार्यालयलाई" भन्ने शब्द राखिएको छ।

(४) उपनियम (४) मा रहेका "मन्त्रालयले" भन्ने शब्दको सट्टा "कार्यालयले" भन्ने शब्द राखिएको छ।

(५) उपनियम (६) को सट्टा देहायको उपनियम (६) राखिएको छः-

"(६) आयोजना कार्यान्वयन गर्ने अवधि पाँच वर्षभन्दा बढी समय लाग्ने भएमा प्रस्तावले प्रत्येक पाँच वर्षमा नवीकरण गर्दा उपनियम (१) मा तोकिए बमोजिमको दस्तुर बुझाउनु पर्नेछ र बढीमा आयोजनाको अवधि पन्ध्र वर्ष ननाघ्ने गरी दुई पटक स्वीकृतिपत्र नवीकरण गराउन सक्नेछ।"

८. **मूल नियमावलीको नियम १२ मा संशोधनः** मूल नियमावलीको नियम १२ को उपनियम (५) मा रहेका "निर्धारित राष्ट्रिय निकाय वा सो निकायले तोकेको निकायले गर्नु पर्नेछ" भन्ने शब्दहरूको सट्टा "गर्ने दायित्व प्रस्तावकमा निहित हुनेछ" भन्ने शब्दहरू राखिएका छन्।

९. **मूल नियमावलीको नियम १३ मा संशोधनः** मूल नियमावलीको नियम १३ को सट्टा देहाय बमोजिमको दफा १३ राखिएको छः-

"**१३. राष्ट्रिय कार्बन रजिष्ट्रीः** (१) नेपालभित्र सञ्चालन भएका कार्बन आयोजना र कार्बन व्यापारलाई व्यवस्थित रूपले अभिलेख राख्न कार्यालयमा राष्ट्रिय कार्बन रजिष्ट्री रहनेछ।

(२) राष्ट्रिय कार्बन रजिष्ट्रीको सञ्चालन विधि कार्यालयले निर्धारण गर्नेछ।"

१०. **मूल नियमावलीको नियम १५ मा संशोधनः** मूल नियमावलीको नियम १५ को,-

(१) उपनियम (१) मा रहेका "प्रतिटन" भन्ने शब्दको सट्टा "प्रति कार्बन क्रेडिट" भन्ने शब्दहरू र सोही उपनियममा रहेका "गरी कार्बन क्रेडिटको बिक्री गर्ने" भन्ने शब्दहरूको सट्टा "गरेमा त्यस्तो कार्बन क्रेडिटलाई प्रमाणित (अथोराइज्ड) कार्बन क्रेडिटको रूपमा बिक्री गर्न" भन्ने शब्दहरू राखिएका छन्।



सचिव

(२) उपनियम (१) पछि देहायको उपनियम (१क) र (१ख) थपिएका छन्:-

"(१क) उपनियम (१) बमोजिम प्रमाणित कार्बन क्रेडिटलाई अन्तर्राष्ट्रिय बजारमा बिक्री गर्नको लागि प्रदान गरिएको आधिकारिकतापत्रको ढाँचा अनुसूची-५ बमोजिम हुनेछ।

(१ख) उपनियम (१क) बमोजिम आधिकारिकतापत्र प्रदान गर्नु अगाडि कार्यालयले मन्त्रालयको स्वीकृति लिनु पर्नेछ।"

११. **<u>मूल नियमावलीको नियम १७ मा संशोधनः</u>** मूल नियमावलीको नियम १७ को,-

(१) उपनियम (३) मा रहेका "बोलकबोलको माध्यमबाट" भन्ने शब्दहरूको सट्टा "बढाबढको तरिकाबाट" भन्ने शब्दहरू राखिएका छन्।

(२) उपनियम (४) को सट्टा देहायको उपनियम (४) राखिएको छः-

"(४) उपनियम (३) बमोजिम अन्तराष्ट्रिय प्रतिस्पर्धाका लागि आधार मूल्य निर्धारण र प्रतिस्पर्धा गर्ने माध्यम तथा विधिको निर्धारण त्यस्तो सरकारी निकाय आफैले गर्न सक्नेछ।"

(३) उपनियम (६) झिकिएको छ।

१२. **<u>मूल नियमावलीको नियम १८ मा संशोधनः</u>** मूल नियमावलीको नियम १८ को,-

(१) उपनियम (५) मा रहेका "दश प्रतिशत रकम" भन्ने शब्दहरू पछि "रोयल्टीको रूपमा" भन्ने शब्दहरू र सोही उपनियममा देहायको स्पष्टीकरण राखिएको छः-

**<u>"स्पष्टीकरणः</u>** यस उपनियमको प्रयोजनको लागि "लाभ बाँडफाँट" भन्नाले आयोजनाले कार्बन क्रेडिट बिक्री गरी प्राप्त भएको आयबाट आयोजना सञ्चालन गर्दा लागेको प्रशासनिक तथा व्यवस्थापकीय खर्च घटाई बाँकी रहेको रकम सम्झनुपर्छ।"

१३. **<u>मूल नियमावलीको नियम २० मा संशोधनः</u>** मूल नियमावलीको नियम २० को उपनियम (१) मा रहेको "तीन महिनाभित्र" भन्ने शब्दहरू पछि "कार्यालय मार्फत" भन्ने शब्दहरू राखिएका छन्।

१४. **<u>मूल नियमावलीको नियम २१ मा संशोधनः</u>** मूल नियमावलीको नियम २१ को उपनियम (२) झिकिएको छ।

१५. **<u>मूल नियमावलीको नियम २२ मा संशोधनः</u>** मूल नियमावलीको नियम २२ को खण्ड (ङ) र (ज) झिकी सोही नियममा रहेका खण्ड (छ), (झ), (ञ) र (ड) को सट्टा देहायका खण्ड (छ), (झ), (ञ) र (ड) राखिएका छन्:-

"(छ) सहसचिव, पूर्वाधार विकास मन्त्रालय -सदस्य

(झ) सहसचिव, भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय -सदस्य

(ञ) प्रमुख, जलवायु परिवर्तन व्यवस्थापन महाशाखा, मन्त्रालय -सदस्य

(ड) प्रमुख, कार्यालय -सदस्य–सचिव।"

१६. **<u>मूल नियमावलीको नियम २४ मा संशोधनः</u>** मूल नियमावलीको नियम २३ को खण्ड (घ), (ङ) र (च) झिकिएका छन्।

१७. <u>मूल नियमावलीको नियम २५ मा संशोधन</u>: मूल नियमावलीको नियम २५ को सट्टा देहायको नियम २५ राखिएको छः-

"२५. <u>मूल्याङ्कन समिति</u>: (१) यस नियमावली बमोजिम कार्यालयमा पेस भएका आयोजना अवधारणापत्र र आयोजना दस्तावेज मूल्याङ्कनको लागि कार्यालय अन्तर्गत कार्यालय प्रमुख वा निजले तोकेको सम्बन्धित कार्बन व्यापार विषय हेर्ने उपसचिवको अध्यक्षतामा बढीमा तीन सदस्य भएको मूल्याङ्कन समिति रहनेछ।

(२) उपनियम (१) बमोजिमको मूल्याङ्कन समितिमा कार्बन व्यापार विषय हेर्ने उपसचिव सदस्यको रूपमा रहनेछन् र सम्बन्धित शाखाको शाखा अधिकृतले सदस्य-सचिवको रूपमा कार्य गर्नेछ।"

१८. <u>मूल नियमावलीको नियम २८ मा संशोधन</u>: मूल नियमावलीको नियम २८ को,

(१) उपनियम (२) मा रहेका "व्यवस्थापन समितिले परिच्छेद-३ बमोजिम मूल्याङ्कन गरी मन्त्रालयले" भन्ने शब्दहरूको सट्टा "उपनियम (४) बमोजिम कार्यालयमा पेस भएमा कार्यालयले" भन्ने शब्दहरू राखिएका छन्।

(२) उपनियम (३) मा रहेका "आयोजनाको स्वीकृति परिच्छेद-३ बमोजिम हुनेछ" भन्ने शब्दहरूको सट्टा "आयोजनाको प्रस्ताव उपनियम (४) बमोजिम कार्यालयमा पेस भएमा कार्यालयले अनुमति दिन सक्नेछ" भन्ने शब्दहरू राखिएका छन्।

(३) उपनियम (४) को सट्टा देहायको उपनियम (४) राखिएको छः-

"(४) यस नियम बमोजिम गैरबजारमुखी कार्बन आयोजना विकास गर्ने प्रस्तावकले आयोजना तयार गर्दा नीतिगत सुधार, प्रविधिको विकास र विस्तार, क्षमता विकास, जलवायु वित्त तथा दिगो विकासलाई सघाउ पुग्ने गरी तयार गर्नु पर्नेछ।"

१९. <u>मूल नियमावलीमा नियम ३०क. थप</u>: मूल नियमावलीको नियम ३० पछि देहायको नियम ३०क. थपिएको छः-

"३०क. <u>रजिष्ट्रीमा दर्ता हुन आव्हान</u>: (१) प्रचलित नेपाल कानुन बमोजिम संस्थापना भएका नेपाली कम्पनीले यो नियमावली प्रारम्भ हुनु अगाडि कार्बन व्यापारमा सहभागी हुने उद्देश्यले अन्तर्राष्ट्रिय रजिष्ट्रीमा आयोजना दर्ता गरी त्यस्तो आयोजनाको विकास गरेको भएमा वा त्यस्तो आयोजनाबाट कार्बन क्रेडिट उत्पन्न गरेको भएमा कार्यालयले एक पटकको लागि राष्ट्रिय कार्बन रजिष्ट्रीमा दर्ता हुन मन्त्रालयले अवधि तोकी सूचना आव्हान गर्नेछ।

(२) उपनियम (१) बमोजिमको सूचनाको अवधिभित्र देहायका कागजात संलग्न गरी दर्ता हुनको लागि त्यस्तो प्रस्तावकले कार्यालयमा निवेदन दिनु पर्नेछः-

(क) पेरिस सम्झौताबाट मान्यता प्राप्त अन्तराष्ट्रिय रजिष्ट्रीमा त्यस्तो रजिष्ट्रीको मापदण्ड बमोजिम दर्ता हुँदाका बखत पेस गरेका कागजात र दर्ता भएको प्रमाण,

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं

(ख) यस नियमावलीले तोके बमोजिमको ढाँचाको अवधारणापत्र र आयोजना दस्तावेज,

(ग) अन्तराष्ट्रिय रजिष्ट्रीमा दर्ता हुनुभन्दा अगाडि नेपाल सरकारको सम्बन्धित निकायलाई कुनै कागजात पेस गरेको वा जानकारी, दिएको भएमा त्यस्तो कागजात वा जानकारी खुलाउने कागजात,

(घ) आयोजना अगाडि बढाउन सम्बन्धित स्थानीय तहले दिएको सिफारिसपत्र भएमा सो सिफारिसपत्र,

(ङ) सरोकारवालासँग भएको परामर्शको प्रतिवेदन,

(च) अन्तिम भ्यालिडेसन गरेको भएमा सो भ्यालिडेसन प्रतिवेदन,

(छ) आयोजना सञ्चालन भएकोमा बार्षिक अनुगमन प्रतिवेदन, र

(ज) यस नियमावलीले तोके बमोजिम संलग्न गर्नुपर्ने कागजात।

(३) उपनियम (२) बमोजिमको निवेदन र संलग्न कागजात अध्ययन गर्दा आयोजना दर्ता गर्न योग्य देखिएमा राष्ट्रिय कार्बन रजिष्ट्रीमा आयोजना दर्ता गर्न सकिनेछ।

(४) उपनियम (३) बमोजिम दर्ता भएका आयोजनाले यस नियमावली बमोजिम आयोजना दस्तुर बुझाएमा त्यस्तो आयोजना सञ्चालन गर्न स्वीकृतिपत्र प्रदान गरिनेछ।

(५) उपदफा (४) बमोजिम स्वीकृतिपत्र प्राप्त गरेका आयोजनाले यस नियमावलीले तोकेको प्रक्रिया पूरा गरी उत्पन्न गरेको कार्बन क्रेडिटको स्थान्तरण वा बिक्री गर्न पाउनेछन्।"

२०. <u>मूल नियमावलीको नियम ३२ मा संशोधनः</u> मूल नियमावलीको नियम ३२ मा रहेका "निर्धारित राष्ट्रिय निकाय" भन्ने शब्दहरूको सट्टा "कार्यालय" भन्ने शब्द राखिएको छ।

२१. <u>मूल नियमावलीको नियम ३३ मा संशोधनः</u> मूल नियमावलीको नियम ३३ मा रहेका "क्षेत्रगत मन्त्रालय" भन्ने शब्दहरूको सट्टा "कार्यालय" भन्ने शब्द राखिएको छ।

२२. <u>रूपान्तरः</u> मूल नियमावलीमा देहाय बमोजिम रूपान्तर गरिएको छः-

(१) नियम १०, ११ र ३४ को ठाउँ ठाउँमा रहेका "मन्त्रालय" भन्ने शब्दको सट्टा "कार्यालय" भन्ने शब्द राखी रूपान्तर गरिएको छ।

(२) नियम २, ६, ८, २६ को ठाउँ ठाउँमा रहेका "व्यवस्थापन समिति" भन्ने शब्दहरूको सट्टा "मूल्याङ्कन समिति" भन्ने शब्द राखिएको छ।

२३. <u>खारेजीः</u> मूल नियमावलीको नियम २७ खारेज गरिएको छ।

२४. <u>मूल नियमावलीको अनुसूचीमा संशोधन</u>: मूल नियमावलीको,-

(१) अनुसूची-२ को,-

(क) क्रमसंख्या १४ को बुँदा नं. २ मा रहेका "प्रस्तावक विदेशी कम्पनी र नेपाली कम्पनीको संयुक्त उपक्रम भएमा सोको विवरण र त्यस्तो विदेशी कम्पनीको नेपालमा संस्थापना भएको कम्पनी दर्ताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि" भन्ने शब्दहरूको सट्टामा "प्रस्तावक विदेशी लगानी भएको कम्पनी भएमा त्यस्तो कम्पनीले नेपालमा विदेशी लगानीको लागि पाएको अनुमतिपत्र र नेपालमा संस्थापना वा दर्ता भएको कम्पनी दर्ताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि" भन्ने शब्दहरू राखिएका छन्।

(ख) क्रम संख्या १४ को बुँदा नं. ४ पछि देहायको बुँदा ४क., ४ख. र ४ग. थपिएका छन्:-

(ग) ४क. पेस गरिएको तथ्याङ्क (डाटा), तथ्य (फ्याक्ट्स), विवरण (फिगर्स) र सूचना (इन्फर्मेसन) मा कुनै पनि कैफियत आएमा प्रस्तावक स्यवं जिम्मेवार हुने र प्रस्ताव गरिएको आयोजनामा दोहोरोपन देखिएमा सो दोहोरोपनबाट सिर्जना हुने क्षतिको जिम्मेवार प्रस्तावक स्वयं हुनेछ भन्ने कम्पनीको तर्फबाट गरिएको सो व्यहोराको स्वघोषणा,

४ख. कागजात पेस गर्ने कम्पनी वा निकायको आधिकारीक व्यक्तिको आधिकारिक प्रमाणित गर्ने अधिकार प्रदान गरिएको कागजात,

४ग. आयोजना सञ्चालन गर्ने कम्पनी, प्रवर्द्धक, सञ्चालक वा लगानीकर्ता कर्जा सूचना केन्द्रको कालोसूचीमा नरहेको प्रमाणपत्र,"

(२) अनुसूची २ पछि संलग्न अनुसूची-२क थपिएको छ।

"अनुसूची-२क

(नियम ६ को उपनियम (८) सँग सम्बन्धित)

<u>सहमतिपत्रको ढाँचा</u>

मितिः

पत्र संख्याः

चलानी नं.:

विषयः आयोजना दस्तावेज तयार गर्नको लागि सहमति सम्बन्धमा।

श्री ..............................,

प्रस्तुत विषयमा देहायको आयोजनालाई कार्बन व्यापार नियमावली, २०८२ बमोजिम आयोजना दस्तावेज तयार गर्न देहायको सर्तको अधीनमा रही यो सहमतिपत्र प्रदान गरिएको छ।

(१) आयोजनाको विवरणः

(क) आयोजनाको नामः

(ख) आयोजना विकास गरिने भौगोलिक क्षेत्रः

(ग) अनुसूची-१ बमोजिम आयोजनाको विकास गरिने क्षेत्रः

(घ) आयोजनाको लक्ष्यः

(२) सर्तः

(क) प्रस्तावकले कार्बन व्यापार नियमावली, २०८२ को अनुसूची-३ ले तोके बमोजिमको दस्तावेज तयार गर्ने सम्बन्धमा विस्तृत अध्ययन तथा सर्वेक्षण गर्ने।

(ख) कार्बन व्यापार नियमावली, २०८२ को नियम ७ को उपनियम (१) बमोजिम यो सहमतिपत्रको अवधि एक वर्षको हुने।

(ग) आयोजनाले कुनै पनि सञ्चालित कार्बन आयोजनाहरूसँग कार्बन क्रेडिट दोहोरो गणना नहुने गरी आयोजना दस्तावेज तयार गर्ने।

(घ) प्रस्तावक आफैले कार्बन क्रेडिट दोहोरो गणना नहुने सुनिश्चित गर्नुपर्ने र यदि दोहोरो गणना हुने देखिएमा सोको लागि जिम्मेवार स्वयम् हुने।

(ङ) खण्ड (ख) बमोजिमको समय अवधिभित्र आयोजना दस्तावेज तयार गरी सो आयोजना दस्तावेजलाई कार्यालयमा पेस गर्ने।

दस्तखत

(कार्यालय प्रमुखको नाम र पद)

---

<u>द्रष्टव्य:</u> यो पत्र कार्यालयको आधिकारिक पत्रमा तयार गर्नुपर्नेछ र कार्यालयले अवधारणापत्र मूल्याङकन गर्दा कुनै सर्त तोक्नु पर्ने देखिएमा सर्त तोक्न सक्नेछ।

(३) अनुसूची-३ को,-

(क) क्रम संख्या ११ को सट्टा देहायको क्रम संख्या ११ राखिएको छः-

"११. प्रस्तावक विदेशी लगानी भएको कम्पनी भएमा त्यस्तो कम्पनीको विवरणः"

(घ)क्रम सख्या २९ को देहाय "क" पछि देहाय क१. क२ र क३. थपिएको छ।

क१. पेस गरिएको तथ्याङ्क (डाटा), तथ्य (फ्याक्ट्स), विवरण (फिगर्स) र सूचना (इन्फर्मेसन) मा कुनै पनि कैफियत आएमा प्रस्तावक स्वयं जिम्मेवार हुने र प्रस्ताव गरिएको आयोजनामा दोहोरोपन देखिएमा सो दोहोरोपनबाट सिर्जना हुने क्षतिको जिम्मेवार प्रस्तावक स्वयं हुनेछ भन्ने कम्पनीको तर्फबाट गरिएको सो बेहोराको स्वघोषणा,

क२. कागजात पेस गर्ने कम्पनी वा निकायको आधिकारीक व्यक्तिको आधिकारिता प्रमाणित गर्ने अधिकार प्रदान गरिएको कागजात ,

क३. आयोजना अवधारणापत्र सहमति प्राप्त गर्दाको समय भन्दा थप स्थानीय तहमा आयोजना विस्तार गरेकोमा थपिएका सम्बन्धित स्थानीय तहको सिफारिस पत्र।"

(४) अनुसूची ३ पछि संलग्न अनुसूची-४ र अनुसूची-५ थपिएका छन्।

"अनुसूची-४

(नियम ९ को उपनियम (२) सँग सम्बन्धित)

**स्वीकृतिपत्रको ढाँचा**

मितिः

पत्रसंख्याः

चलानी नम्बरः

विषयः आयोजना कार्यान्वयन गर्न स्वीकृति प्रदान गरिएको।

श्री ......................

प्रस्तुत विषयमा यस मन्त्रालयमा मिति मा पेस भएको ............... को आयोजना दस्तावेजको मूल्याङ्कनका आधारमा कार्बन व्यापार नियमावली, २०८२ को नियम ९ को उपनियम (२) बमोजिम कार्बन कार्यालयले देहाय बमोजिम हुने गरी आयोजना कार्यान्वयन गर्न यो स्वीकृतिपत्र प्रदान गरेको छ।

१. आयोजनाको संक्षिप्त विवरण

(क) अनुसूची-१ बमोजिम आयोजनाको विकास गरिने क्षेत्रः

(ख) आयोजनाको भौगोलिक क्षेत्रः

(ग) आयोजनाको उत्सर्जन न्यूनीकरणको लक्ष्य (वार्षिक रूपमा):..........$tCO_2e$/year

(घ) आयोजना सुरु र समाप्त हुने मितिः

(ङ) स्वीकृति प्रदान गरिएको क्रेडिटिङ अवधिः

(च) आयोजना कुन अन्तराष्ट्रिय मापदण्ड/संयन्त्र अन्तर्गत सञ्चालन हुने सो मापदण्ड/संयन्त्रः

२. आयोजनाले पालना गर्नु पर्ने सर्तः आयोजनालाई प्रदान गरिएको आधिकारिकता देहायको सर्तको अधीनमा रहनेछः-

(क) कार्बन व्यापार नियमावली, २०८२ बमोजिम तोकिएको दस्तुर, शुल्क बुझाउनु पर्नेछ र स्वीकृत लाभबाँडफाँट योजना बमोजिम लाभको बाँडफाँट गर्नु पर्नेछ।

(ख) आयोजना विकास कर्ताले वातावरणीय र सामाजिक सुरक्षाका मापदण्ड तथा पेरिस सम्झौता र सो सम्झौता अन्तर्गतका संयन्त्रहरूबाट निर्देशित नियम र र नेपाल सरकारले दिएका निर्देशनको पालना गर्नु पर्नेछ।

(ग) आयोजनाको सुरुदेखि अन्त्यसम्मका तथ्याङ्क/डाटाहरू कम्तीमा आयोजना समाप्त भएको पाँच वर्षको अवधिसम्म सुरक्षित राख्नु पर्नेछ।

(घ) आयोजनालाई प्रदान गरिएको आधिकारीकताको दायरा यस पत्रमा उल्लेख भएको कार्बन क्रेडिटको मात्रा, र क्रेडिटिङ सो आयोजनामा मात्र सिमित रहनेछ।

(ङ) आयोजना कार्यान्वयन गर्ने अवधि पाँच वर्षको लागि हुनेछ। आयोजना कार्यान्वयन गर्न पाँच वर्ष भन्दा बढी समय लाग्ने भएमा आयोजनाले नियमावलीले तोकेको दस्तुर तिरेमा पाँच पाँच वर्ष गरी बढीमा दुई पटक गरी आयोजनाको अवधि पन्ध्र वर्ष ननाघ्ने गरी आयोजना नवीकरण हुनेछ।

(च) उक्त आयोजना सञ्चालनका क्रममा हुने प्राकृतिक वा अन्य जोखिमको जिम्मेवारी प्रस्तावककै हुनेछ।

(छ) कार्बन क्रेडिट गर्ने संयन्त्र अन्तर्गत रहेर कार्बन क्रेडिटको स्थानान्तरण भएको वा बिक्री भएको कार्बन क्रेडिटको कारण कुनै प्रकारको दायित्व उत्पन्न भएमा त्यसरी उत्पन्न भएको सम्पूर्ण दायित्व प्रस्तावकले व्यहोर्नु पर्नेछ।

(ज) कार्बन व्यापार नियमावली, २०८२ को नियम १० बमोजिम आयोजना कार्यान्वयन नभएमा, मन्त्रालयमा झुट्ठा विवरण पेस गरेमा र कार्बन व्यापार नियमावली, २०८२ बमोजिम पालना गर्नुपर्ने कुरा पालना नगरेमा यो स्वीकृतिपत्र रद्द हुनेछ।

दस्तखत

(कार्यालय प्रमुखको नाम र पद)

---

<u>द्रष्टव्यः</u> यो पत्र कार्यालयको आधिकारिक पत्रमा तयार गर्नुपर्नेछ र कार्यालयले आयोजना दस्तावेज मूल्याङ्कन गर्दा कुनै सर्त तोक्नु पर्ने देखिएमा सर्त तोक्न सक्नेछ।

## अनुसूची-५

(नियम १५ को उपनियम (१क) सँग सम्बन्धित)

**आधिकारिकता पत्रको ढाँचा**

मितिः

पत्र संख्याः

चलानी नम्बरः

विषयः आयोजना कार्यान्वयन गर्न स्वीकृति प्रदान गरिएको।

श्री —.

प्रस्तुत विषयमा यस मन्त्रालयमा मिति ................. मा पेस भएको —, को आयोजना दस्तावेजको मूल्याङ्कनका आधारमा कार्बन व्यापार नियमावली, २०८२ को नियम ९ को उपनियम (२) बमोजिम कार्बन व्यापार व्यवस्थापन कार्यालयले देहाय बमोजिम हुने गरी आयोजना कार्यान्वयन गर्न यो आधिकारिकतापत्र प्रदान गरेको छः-

१. आयोजनाको संक्षिप्त विवरण

(क) अनुसूची-१ बमोजिम आयोजनाको विकास गरिने क्षेत्रः

(ख) आयोजनाको भौगोलिक क्षेत्रः



सचिव

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं

(ग) आयोजना सुरु र समाप्त हुने मितिः

(घ) क्रेडिटिङ अवधि (५ वर्ष) भित्र आयोजनाबाट प्राप्त हुने कार्बन क्रेडिटः ..........tCO2e

(ङ) आयोजना कुन अन्तर्राष्ट्रिय मापदण्ड/संयन्त्र अन्तर्गत सञ्चालन हुने सो मापदण्ड/संयन्त्रः

(च) आधिकारिकता प्रदान गरिएको कार्बन क्रेडिटः ..........tCO2e

२. आधिकारिकताको दायराः आयोजनाको स्वीकृति प्रदान गरिएको क्रेडिटिङ अवधिभित्र उत्पन्न हुने --- आधिकारिक कार्बन क्रेडिटहरूलाई देहायको प्रयोजनको लागि आधिकारिकता प्रदान गर्दछः-

(क) पेरिस सम्झौताको बमोजिम अन्तर्राष्ट्रिय रूपमा हस्तान्तरण हुने नतिजा (आइटिएमओ) को रूपमा प्रयोग गर्न।

(ख) अर्को देशको राष्ट्रिय निर्धारित लक्ष्य (एनडिसी) प्राप्तिमा प्रयोग गर्न।

(ग) अन्तर्राष्ट्रिय उड्डयनका लागि कार्बन अफसेटिङ र न्यूनीकरण योजना वा अन्तर्राष्ट्रिय कार्बन बजार वा संयन्त्रमा प्रयोग गर्न।

४. अनुरूप समायोजनः कार्बन व्यापार नियमावली, २०८२ को प्रक्रिया पूरा गरी हस्तान्तरण गरिएको उत्सर्जन न्यूनीकरण परिणामलाई अनुरूप समायोजन गर्ने प्रतिबद्धता व्यक्त गर्दछ। यसरी अनुरूप समायोजन गरिएको उत्सर्जन न्यूनीकरण परिणाम नेपालको राष्ट्रिय निर्धारित लक्ष्यबाट घटाइनेछ र उक्त उत्सर्जन न्यूनीकरण परिणाम नेपालको राष्ट्रिय लक्ष्य र खरिदकर्ताको लक्ष्यमा दोहोरो गणना हुने छैन।

५. आयोजनालाई प्रदान गरिएको आधिकारीकताको दायरा यस पत्रमा उल्लेख भएको कार्बन क्रेडिटको मात्रा, क्रेडिटिङ सो आयोजनामा मात्र सिमित रहनेछ।

६. आयोजनाबाट उत्पन्न वा सिर्जना भएका जोखिमको जिम्मेवारी प्रस्तावककै हुनेछ।

७. पेरिस सम्झौता बमोजिमको कार्बन क्रेडिट गर्ने संयन्त्र अन्तर्गत रहेर कार्बन क्रेडिटको स्थानान्तरण भएको वा बिक्री भएको कार्बन क्रेडिटको कारण कुनै प्रकारको दायित्व उत्पन्न भएमा त्यसरी उत्पन्न भएको सम्पूर्ण दायित्व प्रस्तावकले व्यहोर्नु पर्नेछ।

दस्तखत

(कार्यालय प्रमुखको नाम र पद)

---

__द्रष्टव्यः__ यो पत्र कार्यालयको आधिकारिक पत्रमा तयार गर्नु पर्नेछ।"

सचिव